नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## सूचना

विप्लव समूह भनेर चिनिने नेपाल कम्युनिष्ट पार्टी नामको समूहले आतंककारी शैलीमा नेपालको संविधान तथा प्रचलित कानून विपरित नागरिकको जिउधनमा क्षती पुऱ्याउने तथा नागरिकका संविधान र कानून प्रदत्त हकअधिकारको उपभोगमा बाधा पुऱ्याउने, विकास निर्माण एवम् आन्तरिक वा बाह्य लगानी समेतलाई हतोत्साही गर्ने गरी बम विस्फोट गर्ने, निर्दोष जनताको हत्या गर्ने, आगजनी गर्ने, जबरजस्ती रकम असुली गर्ने, अपहरण गर्ने, भौतिक पूर्वाधार तथा संरचनामा क्षति पुऱ्याउने, जनजीवनलाई आतंकित पार्ने, विद्युतीय धरापको प्रयोग गरी सर्वसाधारण व्यक्तिलाई अंगभंग गर्ने, स्थानीय तहका जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीलाई धम्क्याउने, दुर्व्यवहार गर्ने, सार्वजनिक शान्ति, सुव्यवस्था तथा अमनचयनमा खलल पुऱ्याउने तथा राज्य विरुद्धको अपराधजन्य कार्य गर्ने जस्ता आपराधिक एवम् विध्वंसात्मक कार्यहरु गरिरहेको हुँदा त्यस्ता आपराधिक र विध्वंसात्मक क्रियाकलापहरु नियन्त्रण गर्दै देशलाई द्वन्द्वमा फसाउन खोज्ने समूहहरुलाई निरुत्साहित गरी मुलुकमा दिगो शान्ति, सुरक्षा तथा अमनचयन कायम गर्न उक्त नामको समूह एवं त्यस्तो कार्यमा संलग्न अन्य व्यक्ति वा समूहद्वारा सञ्चालन गरिने गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न वा सहयोग पुऱ्याउने व्यक्ति, संस्था वा समूहहरुलाई आपराधिक तथा विध्वंशकारी समूहको रुपमा **नेपाल सरकार (मन्त्रिपरिषद्) ले मिति २०७५/११/२८ मा** घोषणा गरेको व्यहोरा सूचित गरिन्छ।

अतः विप्लव समूहबाट सञ्चालित आपराधिक तथा विध्वंशात्मक क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न र सहयोग पुर्याउने व्यक्ति, संस्था र त्यस्तो कार्य गर्ने अन्य समूहहरुलाई समेत प्रचलित कानून बमोजिम कारबाही हुने हुँदा त्यस्ता समूहहरुलाई कुनै किसिमको आर्थिक, भौतिक सहयोग नगर्न एवम् त्रास, धम्की र प्रलोभनमा नपर्न तथा यदि कोही कसैबाट जबरजस्ती आर्थिक सहयोग माग गर्ने/धम्की दिने कार्य भए गरेमा सो को सूचना तत्काल नजिकको प्रहरी प्रशासनलाई दिनुहुन अनुरोध छ ।

कोही कसैले त्यस्ता समूहहरुलाई आर्थिक तथा अन्य सहयोग गरेको पाईएमा त्यस्तो सहयोग दिने र लिने वा अन्य कुनै किसिमको सहयोग गर्ने गराउने समेतलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गर्दै **'समृद्ध नेपाल र सुखी नेपाली'** निर्माण अभियानमा सबै पक्षको सहयोगको लागि गृह मन्त्रालय हार्दिक अपिल गर्दछ।

मिति : २०७५/१२/१० गते ।